# नेपाल नागरिक उड्डयन प्राधिकरण
## प्रधान कार्यालय, ववरमहल

**प्रवन्धक श्री ओकिल कुमार चिमौरिया, वरिष्ठ अधिकृत श्री खेम नारायण पौडेल र वरिष्ठ अधिकृत श्री भोजराज आचार्यलाई स्पष्टिकरण सहित उपस्थित हुन आउने बारेको**

## सूचना

**(प्रकाशित मिति : २०७३/४/२८ )**

यस प्राधिकरण अन्तर्गत ने.ना.उ.प्रा. प्रधान कार्यालयको प्रवन्धक पदमा रही कार्यरत रहनु भएका सिभिल ईन्जिनियर श्री **ओकिल कुमार चिमौरिया** मिति २०७० साल साउन १० गतेदेखि १८० (एक सय असी) दिन घर विदा माग गरी विदा स्वीकृत नहुँदै सोही मितिदेखि कार्यालयमा अनुपस्थित रहनु भएको, त्यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको वरिष्ठ अधिकृत पदमा रही कार्यरत रहनु भएका ई.एण्ड टे.कम इन्जिनियर श्री **खेम नारायण पौडेल** मिति २०७१ साउन १८ गतेदेखी बेतलवी अध्ययन विदा माग गरी विदा स्वीकृत नहुँदै सोही मितिदेखि कार्यालयमा अनुपस्थित रहनु भएको **र** सोही कार्यालयको वरिष्ठ अधिकृत पदमा रही कार्यरत रहनु भएका ई एण्ड टे.कम इन्जिनियर श्री **भोजराज आचार्य** मिति २०७३ असार १० गतेदेखी वेतलवी अध्ययन विदा माग गरी विदा स्वीकृत नहुँदै सोही मितिदेखि कार्यालयमा अनुपस्थित रहनु भएको । तपाईहरु (श्री ओकिल कुमार चिमौरिया, श्री खेम नारायण पौडेल र श्री भोजराज आचार्य) ने.ना.उ.प्रा. कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ८.१६ वमोजिम विदा निकासा दिने अधिकारीबाट विदा स्वीकृत गराएर मात्र विदामा बस्नु पर्नेमा सो वमोजिम नगरी कार्यालयमा अनुपस्थित रहनु भएको हुंदा सोही नियमावलीको नियम ११.२ वमोजिमको आचरण पालना गरेको नपाइएको र तपाईहरुको माग वमोजिमको विदा पनि हालसम्म पनि स्वीकृत भै नसकेको हुंदा यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहनु पर्नाको स्पष्ट कारण खुलाई सफाई सहित उपस्थित हुन ने.ना.उ.प्रा. कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम १३.१० वमोजिम यो सूचना प्रकाशित गरिएको छ । अन्यथा सोही नियमावलीको परिच्छेद १३ वमोजिम सजायको लागि कारवाही गरिने व्यहोरा मिति २०७३।४।२१ को निर्णयानुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यसै व्यहोराको पत्र तपाईको स्थायी घर ठेगानामा समेत पठाइएको छ ।